# ३

*[संवत् २०४७ सालको पुरस्कार 'जगदम्बा-श्री' सिक्किमका तत्कालीन मुख्य मन्त्री श्री नरबहादुर भण्डारीलाई समर्पण गर्न संवत् २०५० साल चैत्र १६ गते रोज ३ का दिन आयोजित विशेष समारोहमा गुठीका तत्कालीन सदस्य-सचिवले गर्नुभएको धन्यवाद ज्ञापन। यो धन्यवाद ज्ञापन नेपाली त्रैमासिक अङ्क १३८ बाट उद्धृत गरिएको हो। स्मरणीय छ, संवत् २०४७ का पुरस्कारहरू ('जगदम्बा-श्री' र 'मदन पुरस्कार') समर्पण गर्न संवत् २०४८ साल आश्विन २५ गते रोज ६ का दिन आयोजित समारोहमा केही प्राविधिक कारणवश श्री भण्डारी उपस्थित हुन सक्नुभएको थिएन। अत: यो विशेष समारोहको आयोजना गरिएको थियो।]*

अध्यक्ष महोदय, महिला तथा सज्जनवृन्द !

समय हामीले अन्दाज गरेभन्दा बढी लाग्यो। तर हरेक सेकेन्ड, हरेक मिनट राम्ररी प्रयोग भयो, राम्ररी त्यसबाट हामीले फाइदा लियौं भन्ने मेरो विश्वास छ। धन्यवाद ज्ञापन यस समारोहको छैठौं कार्य हो। त्यसको अभिभारा ममा परेको छ। त्यसैले म दुई शब्द बोल्न अघि सरेको छु।

अघि अध्यक्षले भनेझैं अथवा प्रो. शाहजीले भनेझैं र पछि वक्ता स्वयम्ले भनेझैं नरबहादुर भण्डारीज्यूको नेपाली भाषाप्रतिको कुनै प्रयत्नशील तरिकाले नरहीकन सहज स्वभावले नेपाली भाषा साहित्यप्रति जो योगदान हुन सक्यो त्यो बडो प्रशंसनीय छ। वहाँले जे गरेर नेपाली भाषालाई आठौं अनुसूचीमा प्रवेश गराउनुभो त्यो कति प्रशंसनीय छ त्यो पनि मैले भनिरहनुपर्दैन। तर यसमा सानो कुरा भनूँ जस्तो लाग्छ, के भने विद्यार्थी छँदा म 'भारती'मा कैलेकाहीं लेख्थें। त्यसबेला पारसमणि प्रधान सम्पादक हुनुहुन्थ्यो। उहाँले के भन्नुहुन्थ्यो बखतबखतमा भने खै यो भाषाको स्याहार नेपालीहरूले मात्र गर्छन्। जति लेख, आउँछन् सब नेपालबाट मात्रै आउँछन्। पहिले त्यस्तो थियो। ऐले परिस्थिति कस्तो पर्न लागिसक्यो। ऐले भने कुरा उल्टो हुन थाल्यो- नेपाली भाषाको सम्मान भारतमा हुन्छ। नेपालमा चाहिँ हाम्रो नेपाली

भाषाको आकाशमा अहिले कालो बादलको धब्बा देखिन थालेको छ र नेपाली भाषाले आफ्नै सरकारी निकायद्वारा अपमान सहनुपरेको छ । बुद्धिमान्लाई ईशारा काफी हुन्छ। म यस बारेमा धेरै नबोलूँ। तर जो धब्बा देखिएको छ त्यो चाँडै नै दूर होला भन्ने मलाई आशा छ । भाषा साहित्य मात्र होइन राजनैतिक वातावरण पनि मिलाईकन उहाँले सिक्किममा जे गर्नुभएको छ त्यो बहुतै प्रशंसनीय छ। वहाँले भनेको सुनिसक्नु भयो वहाँ कति व्यस्त मान्छे हुनुहुन्छ । हामीलाई गत १५-२० दिनको अनुभवले पनि सिकाएको छ। उहाँलाई सम्पर्क राख्न खोज्यो कहिले सिलोङमा, कहिले देहारादूनमा, कहिले दिल्लीमा, कहिले सिक्किममा यहाँ हो भनेर पत्ता लगाउन धेरै गाह्रो पर्ने र आउने दुई दिनअघि मात्रै बल्लबल्ल थाहा भयो कि उहाँ पक्कै यहाँ आइपुग्नुहुन्छ । मलाई त कस्तो लाग्छ भने भारतमा ठूला-ठूला राज्यका मुख्य मन्त्रीलाई भन्दा पनि उहाँलाई कामको बोझ ज्यादा छ । तर यस्तो व्यस्त मान्छे त्यस्तो व्यस्तता हुँदाहुँदै पनि उहाँले आएर आज यो पुरस्कार ग्रहण गरिदिनुभएकोमा चाहिँ बहुतै कृतज्ञ भएका छौं। उहाँको गुण, उहाँको भाषणको गुण कस्तो रहेछ मैले त्यसको बयान गर्न खोज्नु नै पनि कालिदासले भनेको बाउन्नेले फटारो हानेझैं हुन्छ। शाहजीले भनेजस्तै उहाँको सम्मान गर्न पाएर म मात्रै होइन, अध्यक्षज्यू मात्र होइन, हामी गुठीका सबै आफू सम्मानित भएका ठान्दछौं। तसर्थ पुरस्कार पाएकोमा वहाँलाई हार्दिक बधाई आफ्नो तर्फबाट, गुठीको तर्फबाट, भनौं समस्त नेपालीका तर्फबाट उहाँलाई बधाई दिएर हार्दिक धन्यवाद अर्पण गर्दछु। प्रो. ऋषिकेश शाहको बारेमा म दुई शब्द भनूँ कि जस्तो लाग्छ। उहाँलाई हामी बुद्धिजीवी भन्छौं। देशभित्र, देशबाहिर जतातते उहाँ बुद्धिजीवीको हैसियतले नै चिरपरिचित हुनुहुन्छ। उहाँ प्रसिद्ध विद्वान् हुनुहुन्छ, उहाँ कति स्पष्ट वक्ता हुनुहुँदो रहेछ, यो पनि हामीले सुन्यौं। त्यो पनि उहाँको अर्को गुण हो। शाहजी ठूलो समाजसेवी पनि हुनुहुन्छ। कहिले भिर्कोट पुग्नुभएको छ, कैले बाग्लुङ पाल्नुभएको छ । भिर्कोटको उहाँ राजा हुनुहुन्थ्यो त्यसो भएर मैले भनेको हो। उहाँ कहिले मोरङ्, कहिले इलाम, कहिले कता कहिले कता पुग्नुहुन्छ। समाजसेवाकै खातिर असाध्यै व्यस्त हुनुहुन्छ। त्यसमाथि अहिले त मानव अधिकारको भार बोक्नुभएकोहुनाले पृथ्वी बोके जस्तो गरिरहनुभएको छ । तर यति हुँदाहुँदै पनि मैले र कमलमणिजीले शाहजीलाई गएर यति गरिदिनुपर्‍यो भन्नासाथ उहाँले तुरुन्त मानिहाल्नुभयो। बरु तुरुन्त मान्दाखेरि मलाई अलिकति आश्चर्य पनि लाग्यो। अरू-अरूलाई भने, हुन्छ मलाई अलि फुर्सत छैन यहाँ-त्यहाँ भन्छन्। उहाँले केही मीनमेख गर्नु भएन, हुन्छ भनिदिनुभयो। एउटा सजिलो प्रश्न के भयो भने हाम्रा प्रमुख अतिथि आज जो हुनुहुन्छ, उहाँसँग शाहजीको पुरानो परिचय थियो त्यो कुरो हामीले पछि मात्र थाहा पायौं । त्यस्तै शाहजीलाई नजानिसक्नु 'मदन पुरस्कार' गुठीप्रति पनि श्रद्धा रहेछ। नेपाली भाषाप्रति पनि उहाँ हामीजस्तै प्रेमी हुनुहुन्छ। त्यो हामीलाई उहाँले हामीलाई पढाउने बेलादेखि नै थाहा थियो। हाम्रो

उहाँसँग १९४३ देखि परिचय भएको हो। अहिले ५०-५१ वर्ष हुन लाग्यो। यस सहवासमा जे जति जानियो उहाँको भाषाप्रतिको चाख र माया हामीले बुझ्दै आएका छौं। विद्यार्थी अवस्थामा हामी उहाँले भन्या मान्थ्यौं। अबको पालो हामीले भनेको मानिदिनुभयो उहाँले। त्योदेखी हामीलाई वडो घत लाग्यो। त्यसैले ऋषिकेश शाहजीलाई हाम्रो तर्फबाट, गुठीको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछौं। आज यहाँ असी वर्ष नाघिसकेका दुई जना विद्वान् हुनुहुन्छ। हाम्रा श्रद्धेय गुरु प्रो. खनाल र श्री खड्गमान मल्ल। यस्तो दुःख-कष्ट गरेर आज पनि आइदिएकोमा हामी कृतज्ञ छौं। उहाँहरूलाई विशेष धन्यवाद ज्ञापन गर्दछु। यस्तै उपकुलपति पनि यहाँ चार-पाँच जना हुनुहुन्छ। उहाँहरू सबैप्रति हामीहरू आभारी छौं। हाम्रो धन्यवाद छ। आज बिदाको दिन नपरे पनि, अँध्यारो दिन भए पनि यहाँहरू पाल्नुभएको छ। हामीले के भन्ठानेका छौं भने यो नेपाली साहित्य भाषा जगत्को प्रतिनिधि भएर पाल्नुभएको हुनाले यहाँहरू र यहाँहरूद्वारा चाहिने सबैलाई गुठीको तर्फबाट हार्दिक धन्यवाद टक्र्याउँछौं। यो हिमालय होटेलले हामीलाई कोठा उपलब्ध गराइदियो केही छिनपछि चिया पनि खान देला। यो राम्रो व्यवस्थाका लागि होटल व्यवस्थापकलाई पनि हार्दिक धन्यवाद टक्र्याउँछु। धन्यवाद टक्र्याउनमा सधैं मीठोमीठो परिकार बनाएर खुवाउने अञ्जु दीक्षितलाई दिने गर्थ्यौं। यसपटक उहाँका हातको मीठो खान नपाए तापनि पहिलेको मीठो खुवाएको सम्झँदै धन्यवाद भन्न मन लागेको छ। यसै सिलसिलामा हाम्रा वासुदेवजी, गजेन्द्रजी जो मदन पुरस्कार गुठीमा काम गर्नुहुन्छ। उहाँहरूलाई र हामीलाई सधैं सहयोग गर्ने सबै जगदम्बा प्रेसका कार्यकर्ताहरूलाई पनि धन्यवाद दिन्छु। मैले ठूलो भूल गरें त्यो मलाई थाहा छ। के भने सबभन्दा पहिले अध्यक्षलाई धन्यवाद दिनुपर्ने थियो। तर नबोल्ने अध्यक्षले बोल्न थाल्दा फाइदा पनि हुन्छ बेफाइदा पनि हुन्छ। फाइदा सार्वजनिक छ, उहाँको सुमधुर भाषण हामीले सुन्न पायौं। त्यत्रो भव्य तरिकाले गरेको स्वागत सुन्न पायौं। बेफाइदा चाहिँ मलाई भने व्यक्तिगत भयो। के भयो भने १९४० देखि अहिलेसम्म करिबकरिब ५४ वर्षसम्मको हाम्रो सहवासले धेरैजसो विचारधारा पनि उस्तैउस्तै हुन्छ, हामीहरू एकैप्रकारले सोच्दा रहेछौं। आजै पनि मैले धन्यवादमा भन्छु भन्ठानेको कुरा उहाँले स्वागतमै भनिदिनुभयो। मैले भन्नै पाइनं। यो व्यक्तिगत हिसाबले मलाई घाटामा पनि तपाईहरूलाई नाफै भयो। त्यसैले अध्यक्षज्यूलाई पनि मेरो हार्दिक धन्यवाद छ।

अब कार्यक्रम सकियो। अध्यक्षज्यूका आज्ञानुसार म सभा विसर्जन भएको घोषणा गर्दछु। धन्यवाद !

⊠ ⊠ ⊠